सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३४९ ♦ २०८२ साल साउन १८ गते आइतवार ♦ 3 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## वर्षाले किसानलाई राहत



**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

लामो समयको पर्खाइपछि वर्षा हुँदा यहाँका किसानलाई राहत भएको छ ।

पानी नपर्दा रोपेका खेतमा धाँजा फाटेका र बीउ सुक्न लागेको अवस्थामा शुक्रबार बेलुकादेखि वर्षा भएपछि किसानलाई राहत भएको हो । क्षीरेश्वरनाथ नगरपालिका–४ हरैयाका किसान दिपो यादवले रोपाइँको बेला वर्षा नहुँदा समस्या भएकामा हाल केही राहत भएको बताउनुभयो ।

धनुषामा ४८ हजार सात सय ६० हेक्टर जमिन धानखेती योग्य भएकामा पछिल्लो समय ४२ हजार हेक्टरमा मात्र खेती हुने गरेको छ । कृषिज्ञान केन्द्रका प्रमुख डा रामचन्द्र यादवका अनुसार ६५ प्रतिशत खेतमा आकाशेपानीको भरमा धानखेती हुँदै आएको छ । शुक्रबारदेखि पानी परेकाले अब रोपाइँमा सुधार हुने उहाँले बताउनुभयो ।

जिल्ला समन्वय समिति धुनषाका पूर्वसभापति रहेका ६५ वर्षीय रामदेव यादवले पछिल्लो समय धानखेती महँगो भएको र त्यसमा पनि मौसम चुनौतीपूर्ण रहेको बताउनुहुन्छ । धानखेती महँगो भए पनि लागतअनुसार उत्पादन र त्यसको बजार मूल्यसमेत पाइने नगरेको उहाँको गुनासो छ ।

जिल्लामा करिब सात लाख जनसङ्ख्या रहेकामा त्यसमध्ये ७० प्रतिशत किसान धानखेतीमा संलग्न छन् । कृषि जनगणना २०७८ अनुसार जिल्लामा विस्तारै धानखेती घट्दै गएको छ ।

जिल्लाको १८ पालिकामध्ये गणेशमान चारनाथ, मिथिला र क्षीश्वरनाथ नगरपालिका तथा बटेश्वर गाउँपालिकाबाहेक १४ स्थानीय तहका किसानले व्यावसायिक रुपमा धानखेती गर्दै आएका छन् ।

## बर्दिवासमा ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु, श्रीमती गम्भीर घाइते

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

बर्दिबासमा सडक दुर्घटनामा एक जनाको मृत्यु भएको छ। बर्दिबास-१० स्थित पूर्वपश्चिम लोकमार्गको वनपथ चौकमा शनिबार स्कुटरलाई ट्रकले ठक्कर दिँदा स्कुटर चालकको मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय बर्दिवासको अनुसार सर्लाहीको लालबन्दी नगरपालिका-९ निवासी ३८ वर्षीय नरकुमार आचार्यको सवारी दुर्घटनामा परी ज्यान गएको छ भने उनकी श्रीमती ३२ वर्षीया धनकुमारी घिमिरे गम्भीर घाइते भएकी छन्। दुर्घटनामा गम्भीर घाइते आचार्यको बर्दीबासस्थित शुभ स्वस्तिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । त्यसैगरी टाउको, छाती र दुवै खुट्टामा चोट लागेको घाइते धनकुमारीको उपचार भइरहेकोछ।

शनिबार दिउँसो घरायसी कामका लागि स्कुटरमा सवार भई बर्दिबासतर्फ जाँदै गरेका आचार्य र उनकी श्रीमती धनकुमारी घिमिरे पूर्व-पश्चिम राजमार्गअन्तर्गत बर्दिबास नगरपालिका-१० स्थित वनपथ क्षेत्रमा दुर्घटनामा परेका थिए। आचार्यले चलाएको मधेश प्रदेश ०२-



००८प-६८३४ नम्बरको स्कुटरलाई पछाडिबाट आएको ट्रकले ठक्कर दिँदा दुर्घटना भएको महोत्तरी प्रहरीले जनाएको छ।

दुर्घटनापछि ट्रक र चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। घटनासम्बन्धी थप अनुसन्धान भइरहेको बताइएको छ।

## किसानका लागि रु १८ करोड लागतमा स्यालो ट्युबवेल वितरण गर्दै प्रदेश सरकार

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले सुक्खाग्रस्त तथा खडेरीको मारमा परेका किसानका लागि रु १८ करोड लागतमा स्यालो ट्युबवेल वितरण प्रक्रिया सुरु गरेको छ ।

मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुक्खाक्षेत्र सहयोग कार्यक्रमअन्तर्गत प्रदेशका आठ जिल्लाका किसानलाई स्यालो ट्युबवेल वितरण योजना ल्याएको हो ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा पानी अभावमा खडेरीबाट पीडित किसानलाई सम्बन्धित कृषि ज्ञान केन्द्रको कार्यालयबाट स्यालो ट्युबवेल वितरण सुरु




बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# कृषकका लागि 'रोलमोडल' बन्दै सहसचिव दाहाल

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिबास**

लामो खडेरीले कतै धान रोपाइँ नभइरहेका बेला महोत्तरीको भङ्गाहा–४ रामनगरको शिरानटोलमा रोपाइँ सकिएको छ। बभनटोली पनि भनिने शिरानटोलका स्थानीयले आपसी हेलमेलमार्फत डिपबोरिङको पानीबाट रोपाइँ गरेका हुन् ।

यहाँका स्थानीय एवं नेपाल सरकारका अवकास प्राप्त सहसचिव काशीराज दाहालको अगुवाइमा ३० परिवारको खेती समयमा लगाइएको हो । करिब ३० जना किसानको ६० बिघा जग्गामा रोपाइँ सकिएको उनले जानकारी दिए ।

चारैतिर पानीको हाहाकार परेका बेला टोलबासीलाई एकत्रित गरी बोरिङ जडान गरेसँगै खेतीमा सबैको सहभागिता जुटाउँदै साउन १५ भित्रै रोपाइँ सकिएको उनले बताए । "गाउँका मानिसलाई सम्झाउन सक्ने हो भने सहयोग सजिलै पाइन्छ । बोरिङ जडानदेखि सबैको खेती पालोपर्म मिलाएर समयमा लगाउन सकियो", दाहालले भने, "आपसी हेलमेलको यो थिति बसाउन सके खेतीपाती निकै सहज बन्ने अनुभव सँगालियो ।" टोलका सबैजना बीउ काढ्ने, रोप्ने काममा लाग्दा १५ दिनभित्र ६० बिघा खेत रोपिएको उनको भनाइ छ ।

आपसी हेलमेलले सबैको काममा लाग्ने पालो मिलाइँदा खेती कम खर्चिलो भएको किसानको अनुभव छ । "हामी जन ९श्रमिक० पाइएन भन्यौं, सबै कुरा हामीभित्रै रहेछ", किसान अरुण गिरीले भने, "सिडियो साब' (गाउँले दाहाललाई सिडियो साब सम्बोधन गर्छन्) ले नेतृत्व गरी हामीलाई जुटाउनुभयो । पानीको हाहाकार परेका बेला पनि हामीले साउन १५ अघि रोपाइँ सक्यौं ।"

सामूहिक श्रमथिति बसालेसके श्रमिकको अभाव महसुस नहुने गिरीको भनाइ छ। गत वर्षको जेठमा सरकारी सेवाबाट अवकास पाएपछि गाउँ आएका दाहालले सिँचाइको प्रबन्धका लागि पहिलो प्रयत्न थाले । एकपछि अर्को काममा सबैको सहभागिता जुटाउँदै अघि बढेसँगै सहयोगी भाव र समन्वयको संस्कृति सुदृढ हुँदै गएको टोलबासीको अनुभव छ ।

"पछिल्लो एक वर्ष हाम्रो खेतीपाती मात्र नभएर पारिवारिक काम पनि सहजै पार लागिरहेका छन्", स्थानीय रामभगत महतोले भने, "एकजना बाटो देखाउने चाहिने रहेछ, हाम्रो पछिल्लो एक वर्ष अत्यन्त उत्साहप्रद रह्यो ।" दाहालको निरन्तरको प्रयासले सबै मिलेर काम गर्ने वातावरण बनेको उनले बताए ।



यहाँ ब्राह्मण, क्षत्री, नेवार, थारु, घर्ती, कोइरी, बिन (मलाह), चमार, कामीसहित इस्लाम धर्मावलम्बीको बसोबास छ । 'सबैको काममा सबै' भन्ने मान्यतालाई मनन गरेर लाग्दा काम सहज हुनुका साथै छिटो सम्पादन हुने महतोको अनुभव छ ।

"सरकारी सेवामा रहँदा कतिपय समयमा कृषि मन्त्रालयमा पनि काम गरेकाले जनसम्पर्कबाट सँगालेको अनुभव अवकासपछि व्यवहारमा लगाउँदै छु", दाहालले भने । सरकारी सेवामा र हँदाको अनुभवलाई अवकासपछिको जीवनमा आफ्नै बस्तीमा लगाउन पाउँदा सकारात्मक परिणाम आउने उहाँले विश्वास व्यक्त गरे ।

"कतिपय साथीलाई 'कुलिङ् पिरियड' ले तनाब दिइरहेको देख्छु", दाहालले भने, "जागिरे जीवनमा जे सँगालिएको छ, अवकासपछि सबैले आ–आफ्नो ठाउँमा लगाउने हो, भने निकै उपलब्धि हासिल हुनसक्छ ।" आफूले खेतीपाती मात्र नभएर टोल, बस्तीका गरिब परिवारका छोराछोरी पढाउन, स्वास्थ्य सचेतना बढाउन र पढेलेखेका युवालाई प्रतिस्पर्धामा उत्कृष्ट बन्न पनि अभिप्रेरित गरिरहेको उनले उल्लेख गरे ।

रामनगर बस्तीमा सिँचाइबिना रोपाइँ नभइरहेका बेला यो टोलमा सकिएको छ । बभनटोलीले बसाएका यो थिति सबैले अनुशरण गरे खेती गर्न सजिलो हुने भङ्गाहाका नगरप्रमुख सञ्जीवकुमार साहले बताए । "कतिपय किसानले सिँचाइ, श्रमिक अभाव देखाउँदै खेत बाँझो राखिरहेका छन्", साहले भने, "यहाँ भने रोपाइँ सकियो ।" मिलेर काम गर्दा सजिलो हुनुका साथै उत्पादन पनि प्रशस्त हुने उनको भनाइ छ ।

"सिँचाइ, कृषि, सडक र समयमा मलबीउको समस्या आएमा सिडियोसाबले समन्वय गर्नुहुन्छ। उहाँको अगुवाइमा ठाउँठाउँबाट सहयोग पाइएका छौं", गुलाब महतोले भने, "उहाँ आफैं पनि बीउ काढ्न, रोप्न लाग्नुहुन्छ । यसले हामीलाई मिलेर काम गर्न हौसला दिएको छ ।"

सबै कर्मचारीले अवकासपछि यसैगरी काममा लागे मुलुकको समृद्धि हासिल हुन बेर नलाग्ने भङ्गाहा–४ का पूर्ववडाध्यक्ष बृदेवसिंह दनुवारले बताए । " दाहाललाई अचेल वरपरका जान्नेसुन्नेले 'खेती र कृषकका लागि रोलमोडल' भन्ने गरेका छन् । यो उनको निरन्तर प्रयासका कारण स्थापित बनेको नयाँ पहिचान हो", उनले भने ।–रासस

# किसानका लागि रु १८ करोड लागतमा स्यालो ..............

गरिएको मन्त्रालयका प्रवक्ता सरोज चौधरीले जानकारी दिनुभयो। जनताको आवश्यकता तथा प्राथमिकताका आधारमा एक हजार दुई सय स्यालो ट्युबवेल वितरण गरिने चौधरीको भनाइ छ ।

एउटा स्यालो ट्युबवेल जडान गर्न रु एक लाखदेखि तीन लाखसम्म खर्च हुने मन्त्रालयको अनुमान छ। साथै सोलार जोड्दा थप खर्च हुनेछ। ट्युबवेल जडान गर्दा पानीको सतह (गहिराई) कति छ त्यसको आधारमा खर्च लाग्ने उहाँको भनाइ रहेको छ ।

सुचना जारी भएसँगै अहिले कृषि ज्ञान केन्द्र धनुषामा स्यालो ट्युबवेलका लागि आवेदन दिने किसानको व्यापक भीड लागेको छ।

केन्द्रका कृषि प्राविधिक गणेश अधिकारीले शुक्रबारसम्म ११ सयभन्दा बढी आवेदन प्राप्त भएको जानकारी दिनुभयो । उहाँका अनुसार निवदेन बुझाउने समय आइतबारसम्म रहेकाले यो संख्या अझै बढ्छ ।

प्राविधिक अधिकारीले कार्यालयले उपलब्ध गराउने स्यालो ट्युबवेलभन्दा बढी सङ्ख्यामा निवदेन प्राप्त भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'कार्यालसँग दुई सयको हाराहारीमा स्यालो ट्युबवेल जडान गर्ने बजेट छ । तर निवदेन त्यसको दोब्बर प्राप्त भएको छ ।'

उहाँले प्राप्त निवेदनको छानबिन गरी मापदण्ड पुगेका किसानको खेतबारीमा स्यालो ट्युबवेल जडान प्रक्रिया अगाडि बढाउने बताउँदै यस वर्ष प्रर्याप्त वर्षा नभएकाले सिँचाइको विकल्प स्यालो ट्युबवेलतर्फ आकर्षण बढेको बताउनुभयो ।

शुक्रवार आवेदन दिन आउनु भएको क्षीरेश्वरनाथ नगर पालिका ९ दिगम्बरपुरका किसान रामबाबु महतोले लामो समयदेखि वर्षा नभएकाले धान रोपाइँ रोकिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'यस वर्ष समयमा पानी परेन । खेत सबै सुक्खा छ ।

कृषि ज्ञान केन्द्र धनुषाले साउन १२ गते सूचना प्रकाशित गरेर सात दिनभित्र आवश्यक कागजातसहित निवेदन पेस गर्न आह्वान गरेको थियो । आवेदन पेस गर्नका लागि किसान १० रुपियाँको हुलाक टिकट टाँस भएको आवेदन फारम, नागरि कताको प्रतिलिपि, स्थानीय तहको सिफारिस, जग्गाधनी पुर्जाको प्रतिलिपि र जडान गर्ने कित्ताको प्रमाणित नक्सालगायतका कागजातहरू माग गरेको छ ।

एउटा स्यालो ट्युबवेल लिनका लागि दुई बिघा खेतीयुक्त जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा पेस गर्नुपर्ने छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिबास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिबास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नदी र खोला किनारकै बस्तीमा जल संकट

**राकेश चौधरी**

**साउन १७ गते, बर्दिवास**

खडेरीका कारण सुक्खा संकटग्रस्त घोषणा गरिएको मधेशमा नदी र खोला किनारकै बस्तीमा पनि जल संकट देखिएको छ।

रातु नदीको किनारमै रहेको महोत्तरीको जलेश्वरकी लामो देवी केही वर्षदेखि खानेपानीको समस्या झेल्दै आएकी छन्। धेरै मान्छे आउने हुँदा पहिले पहिले पाँच वर्षमा लाग्ने संसारीमाईको महापूजामा मात्र पानीको अभाव हुने गरेको थियो। अहिले भने गाउँका चापाकलमा समेत पर्याप्त पानी नआउने गरेको उनी सुनाउँछिन्। “अहिले त प्रत्येक वर्ष लाग्ने परिक्रमा, महाशिवरात्रि सहितका उत्सवमा मात्र नभई दिनदिनै खानेपानीको अभाव छ,” उनी भन्छिन्।

जलेश्वरका विश्वनाथ साह पनि यस्तै समस्या झेलिरहेका छन्। पहिले धारामा सजिलै पानी आउँथ्यो। दुई तलासम्म त मोटर विना नै संकलन गर्न सकिन्थ्यो। अहिले भने मोटरले तान्दा पनि समस्या हुने गरेको साह सुनाउँछन्। “मोटरले पानी तान्दा पनि ५०० लिटरको ट्यांकी भर्न एक घण्टाभन्दा बढी समय लाग्छ,” उनी भन्छन्, “खानेपानी संस्थानले मोटरबाट पानी तान्ने कामलाई नियम विपरीत भने पनि बिजुलीको सहारा विना एक थोपा तान्न सकिन्न।”

नदी किनारकै भए पनि चुरे क्षेत्र र भारतीय सिमानासँग जोडिएको ठाउँमा पानीको समस्या छ। मध्यभागमा पाइप बोरिङबाट पानी आउने गरेको भए पनि पहिले जस्तो सजिलो छैन। चापाकलबाट पानी आउन छाडेपछि खानेपानी तथा दैनिक क्रियाकलापमा समस्या भइरहेको छ।

अधिकांश चापाकलमा पानी आउन छोडेको साह सुनाउँछन्। जसले गर्दा पानी आउने चापाकलमा बिहान-बेलुका घुइँचो लाग्ने गरेको छ। स्थानीय सरकारले खानेपानीका लागि बनाएका ससाना ‘ओभरहेड ट्यांकी’ बाट दैनिक व्यवहारका लागि पानी थाप्न थालेका छन्। वडा कार्यालय वा गैरसरकारी संस्था मार्फत वितरण हुने खानेपानीका लागि भाँडा लिएर प्रतीक्षा गर्नुपर्ने अवस्था आएको उनी बताउँछन्।

अहिले त खडेरीले झन् समस्या थपेको छ। चापाकलहरू ‘पाइप कुवा’ मा परिणत हुने क्रम बढिरहेको जलेश्वर नगरपालिका-२ का गुड्डु प्रधान बताउँछन्। बिजुली विना पानी निकाल्न मिल्ने चापाकल सुकेपछि पाइपभित्र अर्को एक-डेढ इन्चको पाइप खसालेर मोटरबाट पानी तान्ने भएकाले ‘पाइप कुवा’ शब्द प्रयोगमा आएको छ।

चापाकलबाट पानी आउन छोडेपछि अर्को सानो पाइप खसालेर मोटरको सहयोगमा पिउने पानी निकाल्ने गरेको प्रधान बताउँछन्। “जल संकट लम्बिंदै गएमा ट्यांकरबाट खानेपानी ल्याएर भूमिगत भण्डारण गर्ने अवस्था आउन सक्छ,” उनी भन्छन्।

खानेपानी मन्त्रालयको तथ्यांक अनुसार मधेश प्रदेशमा ३४६ ठाउँबाट खानेपानी वितरण भइरहेको छ। ती स्थानमा ७७ हजार १८ धारा मार्फत ८७ वटा स्थानीय तहका ८१ हजार ७८६ घरधुरीमा खानेपानी पुगेको छ। यो मधेश प्रदेशको कुल घरधुरी संख्याको सात प्रतिशत मात्र हो। त्यस बाहेक ९३ प्रतिशत घरधुरीले सामुदायिक ट्यांकी, चापाकल र अन्य वैकल्पिक स्रोतबाट खानेपानी उपभोग गर्दै आएका छन्।

त्यस्तै, खेतीयोग्य जमीनमा पानी पटाउन गाडिएको बोरिङ तथा गाउँबस्तीमा खानेपानी वितरण गर्न बनाइएका ‘ओभरहेड ट्यांकी’ को सदुपयोग गरी केही मात्रामा खानेपानीको आपूर्ति गरिँदै आएको छ। तर अहिले लाखौं रुपैयाँ खर्चिएर गाडिएका बोरिङ र ‘ओभरहेड ट्यांकी’ बाट पनि पानी निकाल्न समस्या भइरहेको स्थानीय बासिन्दा बताउँछन्।

भूमिगत जलस्रोतको पुनर्भरणमा कमी, नदीमा बालुवाको धूलो तथा धाजा फाँटेको खेतीयोग्य जमीन हेरेर धेरैले यस्तो अवस्था आउनुमा समयमै वर्षा नहुनुलाई कारण मानिरहेका छन्। विज्ञ भने चुरेमा अव्यवस्थित बस्ती, नदीजन्य पदार्थको अत्यधिक दोहन, गाउँ गाउँमा वातावरणको ख्याल नगरी सडक, नाला र घर निर्माणले जल संकट उत्पन्न गराएको बताउँछन्।

मधेशको जल संकटबारे जानकार प्राध्यापक ध्रुव राय भूमिगत जल सतह असन्तुलित भएका कारण पुराना चापाकलबाट समेत पानी आउन छोडेको बताउँछन्। भूमिगत जलस्रोतको पुनर्भरणमा कमी आउँदा चुरेदेखि गंगा नदीको भूभागमा पर्ने मधेश प्रदेश मात्र नभई भारतको बिहार राज्यको उत्तरी क्षेत्रमा समेत जल संकटको असर देखिन थालेको रायको भनाइ छ। “शहरी क्षेत्रमा घरैघर भएकाले खाली जग्गा नहुँदा नयाँ चापाकल जडान गर्नै समस्या छ,” राय भन्छन्, “भूमिगत जल सतह असन्तुलित भएकाले खानेपानीको पाइपमा अर्को पातलो पाइप पठाएर मोटर मार्फत पानी निकाल्नुपर्ने बाध्यता आएको छ।”

केही समयदेखि खानेपानीको समस्या झेलिरहेको मधेशमा अहिले खडेरीले थप अप्ठ्यारो पारेको छ। मध्यसाउनमा पनि खेत बाँझै छ। धानको बेर्ना पहेंलो हुन थालेको छ।

कृषि विभाग अनुसार साउन ११ गतेसम्म मधेशमा ५२ प्रतिशत खेतमा मात्र रोपाइँ भएको छ। गत वर्ष यही अवधिसम्म ९२ प्रतिशत रोपाइँ भइसकेको थियो। मधेशको तीन लाख ७२ हजार ६४२ हेक्टर जग्गामा धान खेती हुने गरेको छ।

मधेशमा देखिएको जलसंकट समाधानका लागि सबै सरोकारवालासँग सहकार्य र समन्वय गरिरहेको उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयको भनाइ छ। मन्त्रालयका निमित्त सचिव रामकुमार खंगको अध्यक्षतामा बसेको विकास साझेदार तथा सरोकारवालाको बैठकले पुरानो संरचनालाई मर्मत गर्ने तथा नयाँ बोरिङ वा स्यालो ट्यूबवेल जडान गर्ने लगायतको निर्णय गरेको छ।



मधेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अनुसार खेतीयोग्य जमीनमध्ये ४९ प्रतिशतमा मात्र सिंचाइको सुविधा छ। यसको मुख्य स्रोत नदी, पोखरी, तलाउ, बाँध, नहर, स्यालो ट्यूबवेल, डीप बोरिङ छन्। मन्त्रालयले असार ३२ मा सार्वजनिक गरेको सुक्खाग्रस्त क्षेत्र स्थलगत निरीक्षण प्रतिवेदनमा सप्तरीको चन्द्रनहर, कोशी नदी, कोशी नहर पम्प, कमला नहर, रातु नदी, बागमती र गण्डकी नदीमा पानीको प्रवाह कम रहेको उल्लेख गरेको छ।

नदी तथा खोलामा पानीको प्रवाह कम हुँदा किसानले पानी पटानका लागि चालू अवस्थामा रहेका बोरिङ संरक्षक तथा धनीसँग समय किन्न थालेका छन्। बिजुलीको पहुँच भएको ठाउँमा बोरिङले प्रतिघण्टा २०० रुपैयाँ लिएर खेत पटान गर्ने गरिएको छ। मोटर मर्मत तथा बिजुलीको खर्च बापत किसानबाट रकम लिने गरिएको बोरिङधनीको भनाइ छ।

कतिपय ठाउँमा भने बोरिङ भए पनि बिजुली नहुँदा सिंचाइ गर्न नसकिएको किसान बताउँछन्। जलेश्वर नगरपालिका-८, बजराहीका किसान मनोज साह बिजुली नहुँदा पानी तान्न नसकिएको दुखेसो गर्छन्। “हाम्रो गाउँमा पाँच वटा बोरिङ छन्, तर बिजुली छैन,” साह भन्छन्, “आकाशे पानी पऱ्यो भने मात्र रोपाइँ गर्न सकिन्छ।”

सरकारी अध्ययनले कतिपय डीप बोरिङ मानवीय कारणले पनि प्रयोगमा आउन नसकेको औंल्याएको छ। साउन पहिलो साता सुक्खाग्रस्त क्षेत्रको अध्ययन र अवलोकन गर्न आएको संघीय सरकारको टोलीको प्रारम्भिक प्रतिवेदन अनुसार गत चैतदेखि असार महीनासम्म ३०० वटा डीप बोरिङ गाडिएका छन्। तर तिनको सञ्चालन प्रभावकारी नभएको टोलीमा रहेका सरकारका मुख्यसचिव एकनारायण अर्याल बताउँछन्। बोरिङ प्रभावकारी ढंगले सञ्चालन नहुनुमा उपभोक्ता समितिको निष्क्रियता, बिजुलीको कमी र ट्रान्सफर्मरको चोरी लगायत समस्या देखिएका छन्।

## ढल्केवरमा ‘कलेक्सन सेन्टर’ बन्ने

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, ढल्केवर**

किसानको उत्पादन सिधै खरिद गर्न धनुषाको ढल्केवरमा ‘कलेक्सन सेन्टर’ बन्ने भएको छ। शनिबार ढल्केवरमा आयोजित ‘नेपालको कृषि रुपान्तरण: फ्रम सोयल टु सक्सेस’ विषयक एकदिने अन्तरक्रिया तथा छलफल कार्यक्रममा राष्ट्रिय कृषि कम्पनी नेपाल लिमिटेडले ढल्केवरमा कलेक्सन सेन्टर निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने योजना अघि सारेको हो।

कृषि क्षेत्रको नीति निर्माणलाई व्यवस्थित र प्रभावकारी बनाउन निरन्तर पहल गर्दै आएको उल्लेख गर्दै कम्पनीका अध्यक्ष विशाल हुमागाईले यहाँका गुणस्तरीय उपज किसानहरूसँग खरिद गर्नको लागि ‘बाई ब्याक ग्यारेन्टी’ गरिने विश्वास दिलाए। किसानहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न पहल तथा योगदान गरिने उनको भनाइ थियो। उपभोक्ताको भान्सा खर्च कम गर्नका लागि उपज खरिदमा विशेष छुट तथा सहुलियतको योजना समेत ल्याइने अध्यक्ष हुमागाईले जनाए।

कृषि क्षेत्रको समग्र रुपान्तरण, सम्भावित लगानीका अवसरहरूको पहिचान तथा दीर्घकालीन रणनीतिक योजना निर्माणको उद्देश्यले आयोजित कार्यक्रमले कृषक सशक्तीकरण, कृषि व्यवसाय विस्तार र आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिएको कम्पनीका सेल्स एण्ड मार्केटिङ म्यानेजर अजय कुमार सिंहले बताए।

कम्पनीका प्रादेशिक कार्यालय जनकपुरका प्रमुख रविन्द्र कुमार पजियारले अनुभवी कृषक, नीति निर्माता, निजी क्षेत्रका लगानीकर्ता तथा कृषि विज्ञहरूको सहभागितामा भएको अन्तरक्रिया तथा छलफलले नवप्रवर्तन, साझेदारी र लगानीका नयाँ ढोका खोल्ने अपेक्षा गरिएको विश्वास व्यक्त गरे।


**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र
नाक, कान तथा ञ्घाँको रोग
प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# भारि परिमाणमा लागु औषध गाजा सहित १० जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

सिरहाबाट १०३ र पर्साबाट ८ किलो लागु औषध गाजा सहित १० जना पक्राउ परेका छन् । सिरहाको औरही गाउँपालिका-४ कमलपुरबाट ठूलो परिमाणमा लागूऔषध गाँजासहित नौ जनालाई प्रहरीले पक्राउ गरेको छ । शनिबार बिहान ४ बजेको समयमा विशेष सूचनाका आधारमा प्रहरीले छापा मारी उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माले पक्राउ पर्नेमा पाँच जना भरिया, एक जना रेक्की गर्ने व्यक्ति, गाँजा साहु तथा खरिद गर्न आएका दुई जना भारतीय नागरिक रहेको बताए । भरियामा गोलबजार नगरपालिका-१ मक्सारका ४२ वर्षीय जयराम जोशी, ३० वर्षीय शिवकुमार सदा, २२ वर्षीय कृष्ण सदा, १८ वर्षीय सुरज सदा र १७ वर्षीय पशुपति सदा रहेका छन् ।

रेक्की गर्ने व्यक्ति औरही गाउँपालिका-३ का ४२ वर्षीय राजेन्द्र यादव र साहु गोलबजार नगरपालिका-१ मक्सारकै ३२ वर्षीय जीवछ साह रहेका छन् । यस्तै, खरिद गर्न आएका भारतीय नागरिक मधुवनी जिल्ला, कुमरखद ग्राम पञ्चायत-१४ का ३० वर्षीय धर्मेशकुमार कामति र ३९ वर्षीय वैधनाथ चौधरी रहेका छन् । चौधरीको साथबाट नेपली रूपैयाँ ४५ हजार पनि बरामद भएको प्रहरीले जनाएको छ ।प्रहरी उपरीक्षक शर्माका अनुसार गाँजा पाँचवटा बोरामा हालेर आँपको बगैचामा लुकाइ राखिएको थियो ।

प्रारम्भमा गाँजा ओसार्दै गरेका भरिया फेला परेपछि उनीहरूलाई केरकार गर्दै जाँदा बाँकी समूह गाँजासहित फेला परेको हो । त्यसैगरी पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिका-४ स्थित करबोलाबाट प्रहरीले ८ किलो ४४० ग्राम गाँजासहित एक युवकलाई पक्राउ गरेको छ। पक्राउ परेका व्यक्ति पर्सागढी नगरपालिका-९, एकटंगाका ३४ वर्षीय जगमोहन यादव हुन्। ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट खटिएको प्रहरी टोलीले भारततर्फ गइरहेको बीआर ०५ एजी ६८०५ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा गाँजासहित यादवलाई पक्राउ गरेको हो। गाँजा मोटर साइकलको सिटमुनी र शरीरमा बाँधिएको अवस्थामा फेला परेको प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए।

हाल पक्राउ परेका यादवलाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। लागुऔषधको अवैध कारोबार नियन्त्रण गर्न प्रहरीले चेकजाँच अभियानलाई अझ कडा बनाउने तयारी गरेको बताइएको छ। पक्राउ परेकाविरुद्ध लागूऔषधसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

रामगोपालपुर नगरपालिका

महोत्तरी



## मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी


# महोत्तरीका दुई पालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री वितरण



**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

समावेशी अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्यले "समावेशी अभ्यासका लागि सामूहिक प्रयास" अभियान अन्तर्गत महोत्तरी जिल्लाका दुई पालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई व्हीलचेयर र ट्राइसाईकल वितरण गरिएको छ।

ऋद्य: नियदर्बा को आर्थिक सहयोग तथा रतौली युवा क्लबको संयोजनमा महोत्तरी गाउँपालिका र बलवा नगर पालिकामा आयोजित कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री हस्तान्तरण गरिएको हो।

बलवा नगरपालिकामा आयोजित कार्यक्रममा नगर प्रमुख राम विजय महतो प्रमुख अतिथि थिए भने वडा नम्बर ६ का अध्यक्ष बैद्यनाथ झा विशिष्ट अतिथि रहेका थिए। त्यसैगरी महोत्तरी गाउँपालिकाको कार्यक्रममा पालिका अध्यक्ष दिलीप कुमार पाण्डे प्रमुख अतिथि थिए। दुवै कार्यक्रममा स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

कार्यक्रम व्यवस्थापक रुपेश ठाकुरका अनुसार, बलवा नगर पालिकामा ३ जना अपाङ्गता भएका व्यक्तिहरूलाई व्हीलचेयर प्रदान गरिएको छ। त्यसैगरी, महोत्तरी गाउँपालिकामा ३ जना व्यक्तिलाई व्हीलचेयर र १ जनालाई ट्राइसाईकल उपलब्ध गराइएको छ। यसरी कुल ७ जना अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री वितरण गरिएको हो।

यस अभियानबाट लाभान्वित व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता आउने र उनीहरूलाई थप आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास गरिएको छ।





मटिहानी नगरपालिका

महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,